प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, रोल्पा**

प.सं.-२०७७/०७८
च.न.- २८९

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१२/२९**

## प्राङ्गारिक मिसन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गरिएको सूचना

कृषि ज्ञान केन्द्र ,रोल्पाको आ.ब.२०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजीमको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक आबेदकले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०७८/१/१२गते) भित्र प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**कार्यक्रमको नामः** प्राङ्गारिक मिसन कार्यक्रम सञ्चालन

**आबेदक/अनुदानग्राहीः** कृषक/कृषक समूह/सहकारी र निजि फर्म/कम्पनीहरु

सञ्चालन प्रकृयाः प्राङ्गारिक कृषि प्रबर्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७७ बमोजिम

**सञ्चालन हुने स्थानः रोल्पा जिल्लाका सबै स्थानिय तह**

**लक्षित समूहः**

क) न्यूनतम प्रयासले पुर्ण प्राङ्गारिक क्षेत्र घोषणा गर्न सकिने र रासायनिक पदार्थ अनुपस्थित क्षेत्रका स्थानीय एवं रैथाने जातका बालिहरु उत्पादन गर्न इच्छुक आवेदकहरु।

ख) शहर आसपास तथा सम्भाब्य अन्य क्षेत्रका ब्यवसायीक उत्पादन क्षेत्रसिंचाइ तथा सडकको सहज पहुँच भएका एवं सघन , खेति प्रणलि भएका क्षेत्रमा प्राङ्गारिक खेति गर्न इच्छुक आबेदकहरु ।

**अनुदान उपलब्ध गराउने क्रियाकलाप र अनुदानको सिमा**

१. **बाली** : स्थानीय एवं रैथाने जातका बालीमा प्राङ्गारिक कृषि उत्पादन हुने बालीहरु
२. एकल कृषकको हकमा कम्तिमा ३ रोपनी तथा समूह/सहकारी वा सामुदायीक बीउ बैंक ब्यबस्थापन समितिको हकमा कम्तिमा १५ रोपनी क्षेत्रफल तथा नमूना प्रदर्शन कार्यक्रमको हकमा ३ हेक्टर (६० रोपनी) क्षेत्रफलमा कार्यक्रम संचालन गर्नुपर्ने छ।
३. **सञ्चालन गरिने क्रियाकलापः** प्राङ्गँरिक कृषि प्रबर्धन कार्यक्रम सञ्चालन प्रकृया २०७७ को २.४ बमोजिमका क्रियाकलापहरु
४. **अनुदान रकम** :प्राङ्गँरिक कृषि प्रबर्धन कार्यक्रम सञ्चालन प्रकृया २०७७ को २.४.१ को (ख) (ग) (घ) २.४.२को (ख)(ग)(घ) बमोजिमका क्रियाकलापहरु ५० प्रतिशत साझेदारीका आधारमा अनुदान सहयोग।

**आवश्यक कागजातहरु**

१. निबेदन
२. प्रस्तावना
३. निबेदकको नेपाली नागरिक्ताको प्रमाणपत्रको छाँया कपी
४. जग्गा धनीको प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए आबेदक र जग्गा धनी बिच जग्गा भाडामा लिएको सम्झौताको प्रतिलिपि
५. स्थानीय तहको सिफारिस पत्र
६. स्थानीय तह अन्तर्गत कृषि तथा पशु सेवा शाखाको सिफारिस

*नोटः कार्यक्रम सञ्चालन सम्बन्धि अन्य कुराहरु थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राख्नु हुन तथा कार्यालयको फोन नं. ०८६४४०११८ / ०८६४४०३०२ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।साथै कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा र निवेदनको ढाँचा कृषि ज्ञान केन्द्र, रोल्पाको Website akcrolpa.p5.gov.np मा प्रप्त गर्न सक्नुहुनेछ।*